# गरिमा विकास बैंक लिमिटेड

लाजिम्पाट, काठमाण्डौ २, काठमाण्डौ
फोन नं.: ०१ ४४४५४२४/२५/२६/२७/२८ फ्याक्स नं.: ०१ ४४४५४३०

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची - १४**
**(नियम २६ को उपनियम १ संग सम्वन्धित)**

## आ. व. २०७४/०७५ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरणः**

क) त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धी विवरणः
विकास बैंकको यस त्रैमासिक अवधिको बासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु

| | |
|---|---|
| प्रति शेयर आम्दानी : रु. ६.२१ | मूल्य आम्दानी अनुपात : ४३.४८ |
| प्रति शेयर नेटवर्थ : रु. १३०.५० | प्रति शेयर कूल सम्पतिको मूल्य : रु. ८६३.९७ |
| तरलता अनुपात : २७.८४ प्रतिशत | पूँजीकोष अनुपात : २२.८० प्रतिशत |

२. **ब्यवस्थापकीय विश्लेषणः**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धी विवरणः विकास बैंकको यस त्रैमासिक अवधि सम्मको व्यावसायिक तथा वित्तीय स्थिति (निक्षेप संकलन, कर्जा लगानी तथा आम्दानी) सन्तोषजनक रुपमा वृद्धि भएको छ ।

(ख) आगामी अवधिको लागि व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः विकास बैंकले ग्राहकको चाहना बमोजिम अत्याधुनिक बैंकिङ सेवा, ए.टि.एम. सेवा, मोबाईल बैंकिङ सेवा तथा ग्राहकमुखी विभिन्न योजनाहरु सञ्चालन गर्दै आएको छ । बैंकिङ क्षेत्रमा देखिएको प्रतिस्पर्धा तथा ग्राहकको चाहनामा भएको परिर्वतन समेतलाई मध्यनजर गर्दै आगामी दिनमा समयसापेक्ष प्राविधिक विकास गर्दै व्यावसाय विस्तार गर्ने, नयाँ व्यवसायिक योजनाको विकास, लगानीका क्षेत्रहरुको खोजी, व्यवसाय विविधीकरण तथा गुणस्तरिय सेवा प्रदान गर्ने विकास बैंकको योजना रहेको छ । साथै बिकास बैंकले काठमाडौं उपत्यका लगाएत देशको पूर्व देखि सूदुर पश्चिम सम्म शाखा बिस्तार गरी व्यवसायिक आकार वृद्धि गर्ने योजना अगाडि बढाएको छ ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः विकास बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन ।

(घ) विकास बैंकको केन्द्रीय कार्यालय कास्कीको पोखराबाट काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नम्बर २, लाजिम्पाटमा स्थानान्तरण हुनुका साथै शाखा सञ्जालमा समेत वृद्धि भएकोले विकास बैंकको ब्यावसाय विस्तारको लागि नयाँ अवसर सिर्जना भएको महशुस गरिएको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरणः**

(क) यस त्रैमासिक अवधिमा विकास बैंकले वा यस विकास बैंकको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) हालसम्म विकास बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ग) हालसम्म विकास बैंकको संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **विकास बैंकको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

(क) शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ ।

(ख) विकास बैंकको यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय वमोजिम रहेको छ । (नेपाल स्टक एक्चेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार)

| | |
|---|---|
| शेयरको अधिकतम मूल्य | : रु. ३०८ |
| शेयरको न्युनतम मूल्य | : रु. २३९ |
| शेयरको अन्तिम मूल्य | : रु. २७० |
| कारोबार भएको कूल दिन | : ५६ दिन |
| कारोवार भएको कूल संख्या | : ५,१७,७८७ वटा शेयर |

## ५. समस्या तथा चुनौतिः

(क) यस विकास बैंकले वहन गरेको आन्तरिक तथा वाह्य समस्या तथा चुनौतिहरु निम्न बमोजिम रहेको छः बैकिङ ब्यवसाय दिनानुदिन चुनौतीपुर्ण बन्दै गइरहेको छ । बढ्दो प्रतिस्पर्धा तथा लगानीमा उत्पादनशील क्षेत्रको अभाव,

(ख) रणनीतिः आन्तरिक समस्याहरुको समाधान गर्न तथा वाह्य चुनौतीहरुको सामना गर्नको लागि समयानुकुल रणनीतिक कार्ययोजना तर्जुमा गरी आवश्यक कार्यान्वयन गर्दै ग्राहकहरुलाई आधुनिक तथा ग्राहकमुखी सेवा सुविधा प्रदान गरिरहेको छ।

## ६. संस्थागत सुशासनः

विकास बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक नीति, नियम तथा निर्देशिकाहरु तयार गरी सम्बन्धित पक्षको काम, कर्तव्य र दायित्व एवं कार्य पद्धती स्पष्ट तोकिएको हुनाले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी रहेको छ । विकास बैकले आन्तरिक नियन्त्रण प्रणालीलाई क्रियाशिल गराउन एक स्वतन्त्र आन्तरीक लेखा परीक्षकको व्यवस्था गरेको छ । जस अनुसार प्रत्येक त्रैमासको आन्तरीक लेखा परीक्षण गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कारोबारको आन्तरीक लेखापरीक्षण प्रतिवेदनलाई लेखापरीक्षण समितिमा छलफल गराई प्राप्त राय तथा सुझावलाई सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी निर्णय गरिने भएकाले जांच तथा सन्तुलन प्रभावकारी हुन गई आन्तरीक नियन्त्रण प्रणाली सवल बनेको छ ।

## ७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विबरणहरु सत्य, तथ्य,र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन कुनै विबरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन ।